आज मिति २०८१ भाद्र २७ गतेका दिन बेसीशहर नगर पालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४७ (सतचालिसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| पद | | नाम |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य | वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| ,, ,, ,, | २ | श्री मदन बहादुर राना |
| ,, ,, ,, | ३ | श्री चित्र बहादुर दनाई |
| ,, ,, ,, | ४ | श्री राम बहादुर गुरुङ |
| ,, ,, ,, | ५ | श्री इन्द्र बहादुर गुरुङ |
| ,, ,, ,, | ६ | श्री प्रकाश थापा |
| ,, ,, ,, | ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, ,, | ८ | श्री पवित्रा थापा राना |
| ,, ,, ,, | ९ | श्री खुसिजंग गुरुङ |
| ,, ,, ,, | १० | श्री गंगा बहादुर थापा |
| ,, ,, ,, | ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | | श्री श्रीनाथ दुलाल |
| ,, ,, | | श्री कल्पना थापा बोहरा |
| ,, ,, | | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | | श्री सुकमाया गुरुङ |
| ,, ,, | | श्री सुकमाया घर्ती |
| ,, ,, | | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| पद | नाम |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. बिग्रे भत्केका ग्रामीण सडक मर्मत सम्बन्धमा ।
३. बालमैत्री स्थानीय शासनयुक्त वडा(बालमैत्री वडा) घोषणा सम्बन्धमा ।
४. बालमैत्री स्थानीय शासन कार्यक्रमतर्फको बजेट विनियोजन सम्बन्धमा ।
५. राष्ट्रिय शिक्षा दिवसको सम्बन्धमा।
६. राष्ट्रिय बाल दिवसको सम्बन्धमा ।
७. कृषि तर्फको कार्यक्रम दोहोरिएको र छुट भएको सम्बन्धमा । (बाली विकास कार्यक्रम/नर्सरी प्रवर्द्धन कार्यक्रम(तरकारीको नर्सरी स्थापना गरी सहुलियत दरमा विरुवा वितरण)
८. कृषितर्फको कार्यविधि स्वीकृत सम्बन्धमा ।
९. कपुरिश्वर पार्कको सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।
१०. लघु उद्यम विकास कार्यक्रम र महिलासंग उपमेयर कार्यक्रमको सम्बन्धमा ।
११. समिक्षा पुस्तक प्रकाशन सम्बन्धमा ।
१२. वडास्तरीय योजना संशोधन/ब्रेकडाउन सम्बन्धमा ।
१३. युवा परिषदबाट कार्यक्रम प्रस्तावना तयार गर्ने सम्बन्धमा ।
१४. ८ नं वडा कार्यालय भवनको सटर भाडा सम्बन्धमा ।
१५. औद्योगिक ग्रामको सम्बन्धमा
१६. स्वास्थ्य संस्था सञ्चालनको स्वीकृति सम्बन्धमा ।
१७. ढुंगा गिटी बालुवाको सम्बन्धमा ।
१८. कर्मचारीहरुको मोटरसाइकल इन्धन सुविधा सम्बन्धमा ।
१९. करार सेवामा कार्यालय सहयोगी राख्ने सम्बन्धमा ।
२०. तह कायम/तहबृद्धि सम्बन्धमा ।
२१. मनोसामाजिक परामर्शकर्ताको विज्ञापन खुलाउने सम्बन्धमा ।
२२. विविध
   - डेंगु सम्बन्धी सचेतना कार्यक्रम सम्बन्धमा ।
   - सदस्य मनोनयन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**
मिति २०८१/०५/०४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका विषयमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

**निर्णय नं.२: बिग्रे भत्केका ग्रामीण सडक मर्मत सम्बन्धमा ।**

बर्षाको समयमा विग्रे भत्केका ग्रामीण सडकहरु चाडबाडको समयमा मर्मत सम्भार गरी यातायात सुचारु गर्ने कार्यको लागि सडक मर्मत सम्भार कोष (ग्रामीण सडक मर्मतको लागि) शिर्षकमा विनियोजित बजेट मध्येबाट वडा नं ७ र ८ को बजार क्षेत्र बाहेक ग्रामीण सडक मर्मत सुधारको लागि वडाहरुले सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी काममा प्रयोग गर्ने जेसिवी/एक्साभेटर वारे नगरपालिकाबाट सहमति लिएर सम्झौता गरी महत्वपूर्ण सडकहरुको मर्मत सुधार गर्ने साथै भएको कामको प्राविधिक मुल्यांकन तथा मेसिनको कार्यघण्टाको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ३ : बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी यस सम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको बेसीशहर नगरपालिका वडा नं ११ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने सम्बन्धमा सरोकारवालाहरुको बहुपक्षिय अनुमगन टोलीले मिति २०८१/५/२४ मा गरेको स्थलगत अनुगमन र सम्बन्धित वडाको प्रतिवेदन समेतको आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रियाका चरणहरुको कार्यान्वयनको अवस्था र बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरु प्रासिको मापन गर्दा तोकिएको अंक प्रतिशत हासिल गरेको देखिएको हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ को दफा २१ अनुसार यही २०८१ भदौ २९ गते राष्ट्रिय बाल दिवसका दिन बेसीशहर नगरपालिका वडा नं ११ लाई एक समारोहका विच बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : बालमैत्री स्थानीय शासन कार्यक्रमतर्फको बजेट विनियोजन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ यही २०८१ भदौ २९ गतेका दिन बालमैत्री वडाको रुपमा घोषणा हुन गईरहेको र बालमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने क्रममा विद्यालयहरुमा बुक कर्नर राख्नको लागि बुक -याक र फोहमैला व्यवस्थापनको लागि डस्टविन खरिद लगायतमा भएका खर्च तथा अन्य आवश्यकीय कार्यको लागि आन्तरिक आयतर्फको बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम शिर्षकमा विनियोजित रु. ८ लाख मध्येबाट रु. ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : राष्ट्रिय शिक्षा दिवसको सम्बन्धमा।**

"ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता" भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा यस बेसीशहर नगरपालिकामा देहायका कार्यक्रमहरु आयोजना गर्ने र सो कार्यक्रमका लागि चालु तर्फको कार्यक्रम खर्च शिर्षकबाट रु. ८५ हजार विनियोजन गर्ने निर्णय गरियो ।

**देहायः**

(क) कक्षा ८, एसईई र कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम (सामुदायिक र संस्थागत तर्फ गरी)

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

(ख)सामुदायिक विद्यालयहरुको सिकाई गुणस्तर अभिबृद्धिका लागि नगरपालिका र शिक्षकहरुको भूमिका विषयक विचार गोष्ठी (सामुदायिक मावि र आधारभूत विद्यालयका प्रअ वा शिक्षकले विचार मन्तव्य राख्ने गरी)

**निर्णय नं ६ : राष्ट्रिय बाल दिवसको सम्बन्धमा।**

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी "भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको ६० औं राष्ट्रिय बाल दिवस २०८१ को अवसरमा यस बेसीशहर नगरपालिकामा देहायका कार्यक्रम सञ्चालन गर्ने र सोका लागि राष्ट्रिय बाल दिवस/अन्तर्राष्ट्रिय बाल अधिकार दिवस सम्बन्धी कार्यक्रम शिर्षकबाट बजेट रकम व्यहोर्ने निर्णय गरियो ।

देहायः

(क) कक्षा ५ मुनिका सबै बालबालिकाहरुलाई स्टेशनरी वितरण बेनपा-११ रु. ५० हजार (बालमैत्री वडा घोषणा समारोहको समयमा वडाको संयोजनमा वितरण गरिने भदौ २९ गते बाल दिवसको दिनमा)

(ख) नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा बालदिवसको अवसरमा विद्यालयहरुले विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने र पुरस्कार रकमको लागि रु. ५० हजार विनियोजन गर्ने । (शिक्षा शाखाले संयोजन गर्ने)

**निर्णय नं ७ : कृषि तर्फको कार्यक्रम दोहोरिएको र छुट भएको सम्बन्धमा ।**

चालु आ.व.२०८१/८२ को नगरस्तरीय योजना तथा कार्यक्रम अन्तर्गत कृषितर्फ नर्सरी प्रवर्द्धन कार्यक्रम छुट्न गई सो स्थानमा बाली विकास कार्यक्रम दोहोरिन गएको हुँदा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.बाली विकास कार्यक्रम | ५लाख | १.बाली विकास कार्यक्रम | ५ लाख |
| २.बाली विकास कार्यक्रम | ५ लाख | २. नर्सरी प्रवर्द्धन कार्यक्रम | ५लाख |

**निर्णय नं ८ : कृषितर्फको कार्यविधि स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत कृषितर्फ "तरकारी/फलफूलको नर्सरी स्थापना तथा सहुलियतमा बिरुवा वितरण " शीर्षकको कार्यक्रम सञ्चालन गर्न र सो अनुसार नर्सरी धनी कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्मलाई अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले तयार गरिएको "बेसीशहर नगरपालिकाको तरकारी तथा फलफूल नर्सरी स्थापना र बिरुवा वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : कपुरिश्वर पार्कको सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-८ स्थित कपुरिश्वर पार्कलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि नगरपालिका, वडा र अन्य सरोकारवालाहरुसंग समेत आवश्यक समन्वय र सहकार्य गर्ने गरी ८ नं वडालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

**निर्णय नं १०: लघु उद्यम विकास कार्यक्रम र महिलासंग उपमेयर कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व.२०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सशर्त तर्फको लघु उद्यम विकास कार्यक्रम (मेड्पा) वडा नं ७ (सात) मा र सोही मोडेलमा कार्यान्वयन हुने महिलासंग उपमेयर कार्यक्रम वडा नं १(एक) मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११: समिक्षा पुस्तक प्रकाशन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत आ.व. २०८०/८१ को बार्षिक प्रगति समिक्षा गोष्ठी २०८१ भदौ ७ गते सम्पन्न भै सकेको हुँदा समिक्षा गोष्ठीमा प्रस्तुत भएका प्रतिवेदनहरुलाई समेटी समिक्षा पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२: वडास्तरीय योजना संशोधन/ब्रेकडाउन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.लाङ्दीफेदी पार्क निर्माण, बेनपा-५ | ३ लाख | १.होदो गाउँ ट्रस निर्माण, बेनपा-५ | ३ लाख |
| २.पाउरु झ्याल छाको मोटरबाटो निर्माण, बेनपा-५ | २ लाख | २.चन्द्रमुखी सामुदायिक भवन निर्माण, बेनपा-५ | २ लाख |
| ३.क्षमता विकास तालिम, बेनपा-५ | २ लाख | ३.१अन्नपूर्ण मावि कक्षाकोठा निर्माण, बेनपा-५<br>३.२ भगवती आमा समुह भवन मर्मत, बेनपा-५ | १ लाख<br>१ लाख |
| ४.बाह्रपोले सडक स्तरोन्नति, बेनपा-५ | १ लाख | ४.बाह्रपोले सडक निर्माण, बेनपा-५ | १ लाख |
| ५.लाङ्दीदेवी मन्दिर मर्मत, बेनपा-५ | २ लाख | ५.लाङ्दीदेवी उपल्लो मन्दिर मर्मत, बेनपा-५ | २ लाख |
| ६.तल्लो मकैडाँडा र मरणघाट गोरेटोबाटो निर्माण, बेनपा-६ | ५ लाख | ६.१ तिन मकैडाँडा मरणघाट गोरेटोबाटो निर्माण, बेनपा-६<br>६.२ तल्लो मकैडाँडा गोरेटोबाटो निर्माण, बेनपा-६ | ३ लाख<br>२ लाख |
| ७.वडा फुटकर कार्यक्रम, बेनपा-६ | १ लाख ११ हजार ९४ | ७.१ बाटो निर्माणको लागि ग्राभेल ढुवानी, बेनपा-६<br>७.२फुटबल खेल सामाग्री खरिद, बेनपा-६ | ३६ हजार<br>५ हजार |

पुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

<u>निर्णय नं १३ : युवा परिषदबाट कार्यक्रम प्रस्तावना तयार गर्ने सम्बन्धमा ।</u>

युवा परिषदबाट सञ्चालन गरिने कार्यक्रमहरुको सन्दर्भमा छलफल हुँदा युवा परिषद उप समितिले सबै वडाहरुमा पुगी युवाहरुसंग छलफल गर्न र वडास्तरीय ११ वटा सशक्तिकरणका कार्यक्रम प्रस्तावना तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्न सो उप समितिलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं १४ : ८ नं वडा कार्यालय भवनको सटर भाडाको सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकाको नाउँमा रहेको हाल ८ नं वडा कार्यालय सञ्चालन भएको भवनको भुई तलाको भाडामा लगाइएको सटर भाडाको गत आ.व. २०७९/८० असार मसान्तसम्मको वक्यौता र २०८०/८१ को हुने मासिक भाडा रकम समेत समयमै भुक्तानी गर्न पटक पटक कार्यालयमै बोलाई सम्झाई बुझाई बाँकी भाडा रकम तिर्न सचेत एवम् प्रोत्साहित गरेको फलस्वरुप गत आ.व. २०८०/८१ को असार मसान्तसम्म ९९०००।- (उनान्सय हजार मात्र) बाँकी रहन आएको कार्यालयको अभिलेखबाट देखिएकोमा अव उप्रान्त मासिक भाडा नियमित रुपमा बुझाउन पटक पटक सचेत गराईएको र भाडा असुलीको लागि कार्यालयबाट निरन्तर प्रयास भैरहेकोले निजले वक्यौता बाँकी भाडा रकम अविलम्ब चुक्ता गर्न लगाउने र रकम चुक्ता भए पश्चात सटर उपयोगको सम्बन्धमा नयाँ प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं १५ : औद्योगिक ग्रामको सम्बन्धमा ।</u>

(क) नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम कार्यक्रम कार्यान्वयनको लागि यस बेसीशहर नगरपालिका छनौट भएको र यसै नगरपालिका वडा नं ५ र ९ सितलेस्वाँरामा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय भई उक्त स्थानको विस्तृत परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन नगर कार्यपालिका बैठकबाट स्वीकृत भै सकेको अवस्थामा सो औद्योगिक ग्रामको पूर्वाधार निर्माणको लागि निर्माणस्थलसम्म सामाग्री ढुवानी गर्न बेसीशहरबाट कुल १८ किमी मध्ये २ किमी पहुँच मार्ग स्तरोन्नति गर्न आवश्यक भएकोले यस शिर्षकमा हाल उपलब्ध बजेटबाट ठेक्का बन्दोबस्तीबाट द्रेहायको आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१.औद्योगिक ग्राम पहुँचमार्ग सडक स्तरोन्नति, ( निर्माणस्थलबाट २ किमी) बेनपा ९ र ५ रु. ९२ लाख ।

(ख)गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं ५२ मिति २०८१/०५/०९ को बजेट कार्यान्वयनको सहमति प्रस्ताव पेश गर्ने सम्बन्धी प्राप्त पत्रको सम्बन्धमा छलफल हुँदा यस बेसीशहर ५ र ९ मा औद्योगिक ग्राम पूर्वाधार निर्माणको प्रक्रिया अघि बढिरहेको सन्दर्भमा निर्माणस्थलमा सामाग्री ढुवानी गर्नको लागि पहुँचमार्ग स्तरोनन्ति गर्नुपर्ने देखिएको हुँदा सो मन्त्रालयको औद्योगिक ग्राममा पूर्वाधार निर्माणका लागि विनियोजित बजेट पहुँचमार्ग स्तरोन्नतिको लागि उपलब्ध गराउने व्यवस्थाको लागि माग गरिएको विवरण प्रस्ताव सहित अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

निर्णय नं १६ : स्वास्थ्य संस्था सञ्चालनको स्वीकृति सम्बन्धमा ।

बेसीशहर नगरपालिका अन्तर्गत देहायका स्वास्थ्य संस्थाहरुलाई नेपाल सरकारबाट जारी गरिएका नियमावली, मापदण्ड, निर्देशिका तथा बेसीशहर नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ र त्यस उपर व्यवस्था भएको अनुगमन समितिको प्रतिवेदन समेतको आधारमा सञ्चालन स्वीकृति प्रदान गर्ने र अनुगमन गरिएका अन्य स्वास्थ्य संस्थालाई प्रतिवेदनका सुझाव कार्यान्वयनका लागि लेखि पठाउने निर्णय गरियो ।

देहायः

१. केयर प्याथोलोजी, बेसीशहर नगरपालिका-७, लमजुङ

२.प्रार्थना आयुर्वेद क्लिनिक, बेसीशहर नगरपालिका-८, लमजुङ ।

निर्णय नं १७ : ढुंगा गिटी बालुवाको सम्बन्धमा ।

(क)आ.व.२०८१/८२ मा बेसीशहर नगरपालिका अन्तर्गत तोकिएका घाटहरुबाट नदीजन्य पदार्थ संकलन तथा बिक्रीवितरणका लागि तेश्रो पटकसम्म सूचना प्रकाशन गर्दा निम्नानुसारका घाटहरुको लागि मात्र पेश हुन आएका १/१ वटा बोलपत्र/सिलबन्दी दरभाउपत्र स्वीकृत भएकोमा हालसम्मको अवस्था निम्नानुसार रहेको र अन्य थप प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निम्नः

| विवरण | कवोल अंक (मू.अ.कर र अन्य कर सेवाशुल्क बाहेक) | कैफियत |
|---|---|---|
| १.भोटेफाँट खण्ड ठेक्का नं Besishahar/Revenue/ SQ/081/82/02 | २,५५,०००/- | ठेक्का संझौता भैसकेको |
| २.रानीकुवा टापु मुनिको खण्ड Besishahar/Revenue/ SQ/081/82/04 | १२१२५००/- | पहुँचमार्ग क्षतिग्रस्त भएकोले सम्झौता गर्न असमर्थ रहेको व्यहोरा सहितको निवेदन पेश गरेको । |
| ३.रिठ्ठिबगर घाट Besishahar/Revenue/NCB/081/82/06 | ५२,२६,०००/- | सम्झौता भैसकेको । |
| ४. गैरी क्याम्पस मुनी खण्ड Besishahar/Revenue/NCB/081/82/03 | ९१,५६,०००/- | नदी बढेर किनारासम्म जान नसकिने र पहुँचमार्ग क्षतिग्रस्त भएकोले सम्झौता गर्न आउने म्याद थप हुन निवेदन पेश । |

(ख)यस नगरपालिकाको निर्णयानुसार आ.व. २०८१/८२ का लागि गैरी क्याम्पस मुनि खण्ड ( गैरी क्याम्पस मुनी घुम्तीदेखि झोलुङ्गे माथिको भाग) मा नदीजन्य पदार्थ संकलन तथा बिक्री कार्यका लागि आह्वान गरिएको बोलपत्र सूचना (Besishahar/Revenue/NCB/081/82/03) वमोजिम एकमात्र कालिका निर्माण सेवा एण्ड सप्लायर्सले पेश गर्नु भएको कवोल अंक ९१,५६,०००/- (मु.अ. कर र अन्य कर सेवाशुल्क बाहेक) को बोलपत्र मिति २०८१/५/५ मा स्वीकृत भै १५ दिनभित्र सम्झौता गर्न आउन

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

भनि २०८१/५/६ मा पत्राचार गरिएकोमा "हालको समयमा नदी बढेर किनारासम्म जान पनि जोखीम भएको र जाने बाटो समेत क्षतविक्षत भएको हुँदा केही समय पछि सम्झौता गर्न आउने समय थप गरी पाउन" सो सप्लायर्सको तर्फबाट निवेदन माग भएकोमा सो सम्बन्धमा छलफल हुँदा व्यहोरा मनासिव देखिएकोले म्याद समाप्त भएको मितिदेखि हालको लागि म्याद थप गर्ने निर्णय गरियो ।

(ग)यस कार्यालयबाट आ.व.२०८१/८२ मा गैरी क्याम्पस मुनि खण्ड ( गैरी क्याम्पस मुनी घुम्तीदेखि झोलुङ्गे माथिको भाग) मा नदीजन्य पदार्थ संकलन गर्ने सम्बन्धमा वातावरणीय अध्ययन प्रतिवेदनमा डयामसाइडको घाट भएकोले भित्तोबाट १०/१० मिटर छाडेर उत्खनन् गर्ने, नदीले पानीको सतहमाथि थुपारेको बालुवा (२८८०० घन मिटर) मात्र ब्याक लोडर प्रयोग गरी निकाल्न सकिने उल्लेख भएको तर सो स्थानमा जमेर रहेको बालुवा ब्याक लोडरले उत्खनन् गर्न सहज र सम्भव नभई एक्साभेटर प्रयोग गर्नुपर्ने अवस्था देखिएको र सो प्रयोग गर्न नपाउने अवस्थामा सम्झौता गर्न आनाकानी गरेको र एकमात्र बोलपत्रदाता रहेको सन्दर्भमा राजश्व गुम्न जाने मात्र नभई जलाशय क्षेत्रमा अनावश्यक रुपमा थुप्रिएर रहेको मालवस्तुले जलाशय क्षेत्र क्रमशः पुरिदै गएको हुँदा एक्साभेटर प्रयोग गरी वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको शर्तहरु पालना गर्नेगरी तथा तोकिएको परिमाणमा ननाघ्ने गरी उत्खनन्, संकलन र विक्री वितरण गर्न दिन सम्झौता गर्ने प्रयोजनको लागि ढुंगा, गिटी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ वमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिमा निर्णयार्थ अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं १८ : कर्मचारीहरुको मोटरसाइकल इन्धन सुविधा सम्बन्धमा ।**

दैनिक कार्यालय जान आउन र कार्यालय कामको सिलसिलामा दुई पाङ्ग्रे सवारी साधन (सरकारी वा नीजि साधन) प्रयोग गर्ने नगरपालिका वा अन्तर्गतका कार्यालयका कार्यरत कर्मचारीहरुलाई मासिक १० लिटर (आवश्यक थप काम परेमा बाहेक) र प्राविधिकहरुको हकमा मासिक १५ लिटरका दरले इन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १९ : करार सेवामा कार्यालय सहयोगी राख्ने सम्बन्धमा ।**

यस नगरपालिकाको कार्यालयमा हाल कार्यालय सहयोगी कम भएको कारण सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको हुँदा ३ (तीन) जना कार्यालय सहयोगी करार सेवामा राख्ने प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २० : तह कायम/तह बृद्धि सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको तह कायम/ तह वृद्धि गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित तह कायम/ तह वृद्धि निर्धारण मूल्याङ्कन समितिको सिफारिस अनुसार गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ मा व्यवस्था भए बमोजिम मिति २०८१।०४।०१ देखि जेष्ठता कायम हुने गरी तपशिल बमोजिमको कर्मचारीलाई तपशिल बमोजिम तह कायम/तह बृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०५/२७ गतेको बैठक

| क.स. | कर्मचारीको नामथर | साविकको तह | कायम/बृद्धि तह | कैफियत |
|---|---|---|---|---|
| १ | सभ्यता गौतम | सहायक चौथो | सहायक पाँचौ | दफा ९ को उपदफा ५ वमोजिम |
| २ | अनुपमा रेग्मी पौडेल | सहायक चौथो | सहायक पाँचौ | दफा २७ वमोजिम |

**निर्णय नं २१ : मनोसामाजिक परामर्शकर्ताको विज्ञापन खुलाउने सम्बन्धमा ।**

वैदेशिक रोजगारको कार्यलाई सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच, सहित समुदाय तहमा मनोसामाजिक परामर्श सेवा र सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि सशर्त कार्यक्रम तर्फ रु २ लाख ३५ हजार बजेट समेत प्राप्त भएको हुँदा साझेदारीमा गर्ने व्यहोर्ने गरी करार सेवामा मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) छनौटको लागि प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २२ : डेंगु सम्बन्धी सचेतना कार्यक्रम सम्बन्धमा ।**

डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने डेंगु ज्वरो सम्बन्धी रोकथाम, बच्ने उपाय, लक्षण, उपचार र नियन्त्रणको विषयमा यस बैठकमा जानकारी गराइयो साथै यसबाट प्रभावित व्यक्तिहरुको संख्या बढेको हुँदा आवश्यक सतर्कता अपनाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ : सदस्य मनोनयन सम्बन्धमा ।**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १४ वमोजिमको स्थानीय तह स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्यमा महिला कार्यपालिका सदस्यमध्येबाट श्री सुकमाया घर्तीलाई मनोनयन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख